प्रेस विज्ञप्ति

चिकित्सा शिक्षा विधयेकको विषयलाई लिएर त्रिवि शिक्षण अस्पतालमा कार्यरत प्राडा गोविन्द केसीले आज पत्रकार सम्मेलन गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र माननीय मन्त्री प्रति लक्षित विचारप्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । सम्मानित संसदमा प्रक्रियामा गइसकेको चिकित्सा शिक्षा विधयेक संसदको आफ्नो प्रक्रियावाट पारित हुने विषयमा व्यक्त विचार सम्बन्धमा नेपाल सरकारले गठन गरेको वार्ता टोली र डा. गोविन्द के. सी. बीच भएको सहमतिको प्रगति विवरण सहित चिकित्सा शिक्षा सुधारको निम्ति सरकारले गरेको प्रयास सम्बन्धमा आम सर्वसाधारणलाइ जानाकारी गराउन अत्यावश्यक देखिएकोले यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

मिति २०७५ श्रावण १० गते नेपाल सरकारले गठन गरेको वार्ताटोली र प्रा. डा. गोविन्द के. सी. वीच भएको सहमति कार्यान्वयनका सम्वन्धमा हालसम्मको प्रगति देहाय वमोजिम रहेको छ ।

१. राष्ट्रिय चिकित्सा शिक्षा विधेयक २०७५ डा. के. सी. सँग सहमति हुनुपूर्व नै संघिय संसदमा दर्ता भइसकेको हुनाले २०७५ साउन १० गते भएको सहमति अनुसार सत्तारुढ दलका प्रमुख सचेतकद्धारा सो विधेयकमा आवश्यक संशोधन गर्नका लागि संसदमा संशोधन प्रस्ताव दर्ता भइसकेको छ । उक्त विधेयक हाल संसदको शिक्षा तथा स्वास्थ्य समितिमा विचाराधिन अवस्थामा रहेको छ । उक्त समितिले विधेयकलाई अन्तिम रुप दिनमा लागि उपसमिति गठन गरिसकेको छ । समितिले दिएको कायदिश अनुसार उपसमितिले विधेयकका सम्वन्धमा आवश्यक छलफल गरिरहेको छ । यस उपसमितिको मिति २०७५ असोज ११ गते भएको वैठकमा माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यूवाट वार्तामा भएको सहमति अनुसार नै विधेयक अगाडि वढाउन सरकार प्रतिवद्ध रहेको व्यहोरा उल्लेख गर्दै समितिलाई छिटोभन्दा छिटो अन्तिम टुंगोमा पुगिदिन अनुरोधसमेत गर्नु भएको थियो ।(सहमतिको वुदा १ र ६ सम्वन्धी)

२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अविलम्व एम.वी.वी.एस. लगायत स्नातक तहको विद्यार्थी भर्ना गर्ने सम्वन्धमा प्राडा. श्रीकृष्ण गिरीको संयोजकत्वमा देहाय वमोजिम समिति गठन भइसकेको र संयोजकसँग अनौपचारिक छलफलवाट कायदिश एवम् कार्यप्रकृयाको खाका तयार गरी मन्त्रालयवाट स्वीकृत भइसकेको छ ।

संयोजक, प्रा. डा. श्रीकृष्ण गिरी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सदस्य, प्रतिनिधि, कर्णाली प्रदेश सरकार

सदस्य, उपकुलपति प्रा. डा. राजेन्द्र वाग्ले, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

सदस्य, डा. डम्बर खड्का, मध्यपश्चिमान्चल क्षेत्रीय अस्पताल सुर्खेत

सदस्य, प्रा. डा. केदार बराल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

सदस्य, डा. जीवन क्षत्री (विज्ञ)

गेटा मेडिकल कलेजका साथै सुर्खेत, बुटवल र वर्दिवास मेडिकल कलेजलाई एकिकृत स्वरुपमा सन्चालन गर्नका लागि एकिकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान विधेयक तर्जुमा गर्नका लागि आवश्यक प्रकृया अगाडि बढिसकेको छ ।

पाँचथर–इलाम, डडेल्धुरा–डोटी र उदयपुरमा सरकारी मेडिकल कलेजहरू स्थापना गर्ने सम्वन्धमा यस अगाडि नक्सांकन भएका ठाँउहरूको सम्भाव्यता अध्ययन गर्ने सम्वन्धमा प्रा. डा. मधुसुदन सुवेदीको संयोजकत्वमा देहाय बमोजिम समिति गठन भइसकेको र संयोजकसँगको अनौपचारिक छलफलवाट कायदिश एवम् कार्यप्रकृयाको खाका तयार गरी मन्त्रालयबाट स्वीकृत भइसकेको छ ।

संयोजक, प्रा. डा. मधुसुदन सुवेदी, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

सदस्य, डा. विकास लामिछाने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सदस्य, डा. शैलेशमणि पोखरेल, पूर्वान्चल विश्वविद्यालय

सदस्य, हरिप्रसाद लम्साल, सहसचिव शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

सदस्य, डा. विश्वराज दवाडी, नेपाल मेडिकल काउन्सिल

सदस्य, शंकर भट्ट, सुदूर पश्चित विश्वविद्यालय

(सहमतिको बुदा २ सम्वन्धी)

३. चिकित्सा शिक्षासम्बन्धी न्यायिक जाँचबुझ आयोगले दोषी ठहऱ्याएका पदाधिकारीहरूलाई आयोगको सिफारिश वमोजिम कारवाहीको प्रकृया शुरु गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कावश्यक कानूनी सल्लाह गरिरहेको छ ।(सहमतिको बुदा ४ सम्वन्धी)

४. विश्वविद्यालय र प्रतिष्ठानका पदाधिकारी नियुक्ति गर्ने मापदण्ड निर्धारणका लागि आवश्यक ऐन, नियम र नीति समेतलाई समायोजन एवं संशोधन लगायतको कार्य अध्ययन गरी सिफारिश गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव हरिप्रसाद लम्सालको संयोजकत्वमा देहाय बमोजिम समिति गठन भइसकेको र कायदिश एवम् कार्यप्रकृयाको खाका मन्त्रालयवाट स्वीकृत भइसकेको छ ।

संयोजक, हरिप्रसाल लम्साल सहसचिव शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

सदस्य, डा. दिपेन्द्ररमण सिंह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सदस्य, डा. मधुर बस्नेत, वि पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान

सदस्य, श्री इन्द्र अर्याल, विज्ञ

सदस्य, श्री शम्भुराज रेग्मी, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

(सहमतिको बुदा ५ सम्बन्धी)

५. जानकी मेडिकल कलेजको पठन पाठन अविलम्व विना अवरोध नियमित रूपमा सञ्चालन हुने व्यवस्था मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलमार्फत त्रिभुवन विश्वविद्यालयलाई तत्कालै निर्देशन दिने र हालसम्मको अवस्थाका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले आवश्यक छानविन गरी दोषी देखिएका जिम्मेवार व्यक्तिहरूलाई कारवाही गर्ने सम्वन्धमा मन्त्रालयको मिति २०७५ श्रावण २९ को निर्णयअनुसार त्रिभुवन विश्वविद्यालयलाई निर्देशन दिइसकेको छ ।

प्रदेश नं. २ मा सरकारी मेडिकल कलेज स्थापना गर्ने सम्वन्धमा प्रदेश नं. २ को महोत्तरी जिल्लाको बर्दिवासमा जग्गा पहिचान भैसकेको, सो जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको र आवश्यक विधेयक तर्जुमाका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयको सहमतिसहित नेपाल सरकार, मन्त्रिपरिषदमा पेश भैसकेको छ ।(सहमतिको बुदा ७ सम्वन्धी)

६. माथि उल्लिखित सहमतिका बुँदाहरू अनुमोदन गर्ने सम्वन्धमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुमोदन गरी कार्यान्वयनमा लगि सकेको छ ।(सहमतिको बुदा ८ सम्वन्धी)

७. सहमतिको बुदाँ नं. ३ मा सम्मानितअदालतको आदेश कार्यान्वयन र बुदाँ नं ९ अनसन फिर्ता लिने विषयसँग सम्बन्धित रहेको थियो जुन पुरा भइ सकेका छन् ।

बैकुण्ठप्रसाद अर्याल
प्रवक्ता एवं सहसचिव
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

मिति: २०७५ असोज १२